'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १०२ | आइतवार २३ मंसिर, २०८१ | 08 (Sunday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०/-

### कर्णालीमा झण्डै तीन दर्जन आयोजना अलपत्र
# निर्माण व्यवसायीलाई अन्तिम मौका भन्दै चेतावनी

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२२




लामो समयदेखि कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा सम्झौता गरेर पनि ठेक्काको निर्माण कार्य अलपत्र पार्दै आएका निर्माण व्यवसायीलाई प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय बोलाएर चेतावनी शैलीमै छलफल थालेको । मन्त्रालयले अलपत्र परेका ठेक्काको पटकपटक म्याद थपे पनि योजनाहरुको निर्माण सम्पन्न नभएपछि मन्त्रालयमा निर्माण व्यवसायीसँग छलफल सुरू गरेको हो । मन्त्री शेरबहादुर बुढा, सचिव तथा अन्य अधिकारीको सहभागितामा निर्माण व्यवसायीलाई संयुक्त रूपमा राखेर समस्या र समाधानका उपायबारे छलफल सुरू गरेको मन्त्रीका सूचना प्राविधिक सहायक टेकबहादुर शाहीले जानकारी दिए । कर्णालीमा हाल ३३ वटा ठूला आयोजनाहरू अलपत्र पर्दै आएका छन् । अधिकांश अलपत्र पारिएका ठेक्काको चारपटक सम्म म्याद थप गरिएको पाइएको छ । अति जरूरी भएको ठाउँमा समेत ठेक्का लिएर निर्माण व्यवसायीहरु लामो समय सम्पर्क विहीन हुने गरेको जिल्लास्थित कार्यालय प्रमुखले गुनासो गर्दै आएका छन् । सोही गुनासोका आधारमा निर्माण व्यवसायीलाई मन्त्रालयमा बोलाएर अन्तिम पटक समय दिएर काम गर्न आग्रह गरिएको मन्त्री बुढाले बताए । उनले भने, -'काम नगर्ने हो भने बाटो खुल्ला गर्नुपर्‍यो, हैन भने तत्काल कम सुरू गर्नुपर्‍यो ।' तीस प्रतिशतमात्र भौतिक प्रगति भएको डोल्पाको दुनै सरस्वती मन्दिरदेखि तिब्लागाउँ थरगाउँ काँडातली सम्मको दोस्रो ठेक्को काम श्रेया जुगल जेभीले अलपत्र पर्दै आएको छ । विसं २०७९ असार १६ गते उक्त ठेक्काको सम्झौता भएको थियो । विसं २०८१ मङ्सिर २३ गते यो ठेक्काको अन्तिम भाका रहेको छ । जाजरकोटको छेडा थलह सानाखोला जाँदे जुम्ला सडकको ३० किलोमिटर सडक निर्माण गर्ने भनी २०७८ माघ २५ गते सम्झौता भए पनि हालसम्म निर्माण व्यवसायी अमर सिस्ने जेभीले १० प्रतिशतमात्र काम गरेको छ । विसं २०८२ पुस ४ गतेसम्म म्याद रहेको यो आयोजनाको कामको गति निकै ढिला भएको छ । नेपाल मेघा सिस्ने जेभीले २०७८ साउन ४ गते पूर्वाधार विकास कार्यालय, जाजरकोटमा छेडागाड नगरपालिकाको साल्मखोलामा पुल निर्माण गर्ने भन्दै ठेक्का लिएको पुलको हालसम्म ३० प्रतिशतमात्र काम गरेको छ । म्याद थपसहित २०८२ जेठ २ सम्म पुर्‍याइएको छ । निर्माण व्यवसायीले पुल निर्माणमा चासो नै नदेखाएकाले काम ढिला भएको भनी जिल्लास्थित पूर्वाधार विकास कार्यालयले प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा पत्राचार गरेको छ । जाजरकोटकै बारेकोट गाउँपालिका-८ साँघुतरा र नलगाड नगरपालिका-५ सिर्के स्थित मोटरेबल पुलसमेत अलपत्र पर्दै आएको छ। बाँकी ३ पेजमा...

# नेपालगन्ज कन्क्लेभमा इतिहासदेखि सिनेमासम्मको बहस

नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/२२



धारा नेपालगन्ज म्याराथनको दशौं संस्करणको पूर्व सन्ध्यामा आयोजित नेपालगन्ज कन्क्लेभको दोस्रो दिन इतिहास शिक्षाको महत्वदेखि सिनेमा र साहित्यले दर्शाएको समाज परिवर्तनको चित्रबारे बहस भएको छ । 'ऐच्छिक होइन, अनिवार्य इतिहास शिक्षा' विषयक आफ्नो विद्धत प्रवचनमा पत्रकार तथा इतिहास लेखक मोहन मैनालीले इतिहासको सही अध्यापन विद्यालयस्तरमा नहुँदा त्यसले सृजना गरेका भ्रमहरुमाथि व्याख्यान दिए । उनले प्रस्तुतिका क्रममा भने, 'इतिहासको काल भुत त हुँदै हो पूर्ण वर्तमान र भविष्यत काल पनि हो । यसले अहिलेलाई र भविष्यलाई पनि प्रभावित गरिररहेको हुन्छ। त्यसैले यसलाई ऐच्छिक नभएर अनिवार्य विषय बनाउनुपर्छ । जुन विषय पढेपनि इतिहास अनिवार्य पढाउनुपर्छ ।' मैनालीले नेपालमा इतिहास पढाउँदा हुँदै नभएको कुरालाई लहड र हल्लाका भरमा पढाइने गरेका दृष्टान्तहरु प्रस्तुत गरे । उनले इतिहास बिर्सनु डिमेन्सिय रोगसँग तुलना गर्दै त्यसले देशलाई पारेको गुमराहका प्रभावहरु तिर प्रकाश पारे । उनले नेपालमा इतिहास पढाउँदा गरिएका गल्तीहरुका उदाहरण प्रस्तुत गर्दै भने, 'हामीलाई अपूरो इतिहास पढाइएको छ । हल्लैहल्लाको इतिहास पढाइएको छ । पुर्खाको मानमर्दन गरिएको छ । शिक्षा मन्त्रालय अशिक्षा फैलाइरहेको छ ।' कन्क्लेभको दोस्रो शत्रमा विषय थियो, 'जलवायु परिवर्तन : पग्लिँदै हिमाल, तात्दै गएको तराई' । उक्त शत्रका वक्ताहरुले जलवायु परिवर्तनले पारेका प्रभाव र त्यससँग लड्नका लागि भइरहेका प्रयास र उपायहरु बारे छलफल गरे । उक्त शत्रमा बोल्दै जलवायु परिवर्तन विज्ञ डा. विमल रेग्मीले भने, 'अन्तर्राष्ट्रिय स्तरमा राजनीतक हिसाबले कसरी जलवायु परिवर्तनको विषयलाई उठाइएको छ भन्ने कुरा पनि महत्वपूर्ण हो । यो राजनीतिक प्राथमिकतामा परेको छैन । यसको पीडा भोगेकाहरुका कुराहरु र यो मुद्धाको स्थानीयकरण हुन सकेको छैन ।' यसैगरी वरिष्ठ आर्किटेक्ट दिव्या आचार्यले १ प्रशितले तापक्रम बढ्दा २ प्रतिशतभन्दा बढीले बालमृत्युदर बढ्ने अनुमान गरिएको बताउँदै यसले समग्र उत्पादकत्वमा पनि असर गर्ने बताइन् । संरक्षणकर्मी आशिष चौधरीले टिप्पणी प्रस्तुत गर्दै चुरे क्षेत्रको दोहनको विषय अहिले तराईका लागि ठूलो समस्याको रुपमा देखिएको बताए । कन्क्लेभको तेस्रो शत्रमा 'किन दौडिन्छ मान्छे ?' शिर्षकमा ओलम्पियन धावक सन्तोषी श्रेष्ठ, पाइलट विजय लामा, मिस नेपाल आश्मा केसी र फिल्म निर्देशक मनोज पण्डितले बहस गरे । श्रेष्ठले मानिसको डिएनएमा नै दौड रहेको बाइन भने, लामाले शरीर र मनलाई एकाकार गर्न मान्छे दौडिनु आवश्यक रहेको बताइन् ।

बाँकी ३ पेजमा...

## आवश्यकता! आवश्यकता!! आवश्यकता!!!

कोहलपुर नगरपालिका वडा नं. ११ स्थित यस समृद्ध नेपाल कृषि सहकारी संस्था लिमिटेड कोहलपुर शाखामा निम्न पदहरूमा आवश्यक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र दरखास्त आह्वान गरिन्छ।

तपसिल

| क्र.सं. | पद | योग्यता | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | बजार व्यवस्थापक | वाणिज्य शास्त्रमा स्नातक उत्तीर्ण | ३ जना | महिला/पुरुष |
| २. | रिसेप्सनिष्ट | +2 passed | १ जना | महिला/पुरुष |
| ३. | बजार प्रतिनिधि | एस.ई.ई.पास | ७ जना | महिला/पुरुष |
| ४. | कार्यालय सहयोगी | एस.ई.ई.पास | १ जना | महिला/पुरुष |

*कार्यानुभव: सम्बन्धित क्षेत्रमा अनुभवी, बजार प्रतिनिधिको हकमा बजार क्षेत्रको अनुभव भएको ।*

**समृद्ध नेपाल कृषि सहकारी संस्था लि.**
सदस्य सेवा केन्द्र कोहलपुर
सम्पर्क नं.: ९८५१३६०९२०, सम्पर्क स्थान: सिटी स्कुल पूर्व साइड

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## किसान खुसी भएको अवस्था

राज्यका निकाय जनताको पक्षमा अलिकति मात्र जिम्मेवार र उत्तरदायी भैदिदा जनता कति खुसी हुँदा रहेछन् भन्ने एउटा सानो उदाहरण हो अहिले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले समयमै धानको मुख्य तोकिदिएर किसानहरु सँग धान खरिद गरिरहेको काम । गत वर्षहरुमा सरकारले धानको मुल्य समय मै निर्धारण नगरिदिए पछि किसानहरुले गल्लावाल ब्यापारीहरुले जे मुल्य भन्छन् त्यही मुख्यमा धान बिक्री गर्न बाध्य हुन्थ्ये । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले आफैले किसानहरु सँग खरिद गर्ने धानको परिमाण पनि निकै कम हुन्थ्यो । यो साल कम्पनीले समयमै धानको न्यूनतम समर्थन मुल्य निर्धारण गऱ्यो र किसानहरुबाट खरिदने धानको परिमाण पनि बढायो ।  गत वर्षहरुमा किसानहरुले धान बेच्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको कार्यालय हाताभित्र आ–आफ्ना लडिया, ट्याक्टरहरुमा धान लिएर लाइन लागेर बस्नु पर्दथ्यो । दुई तीन दिन सम्म कतिखेर पालो आउँछ भनेर पर्खिनु पर्दथ्यो । यो वर्ष किसानले आफ्नो स्थानीय तहको वडा कार्यालयबाट सिफरिस ल्याएर आउने र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको आफ्नो पायक पर्ने खरिद केन्द्रमा दर्ता गराउने । कुन दिन पालो आउँ भनेर कम्पनीका कर्मचारीले समय दिन्छन् त्यही समयमा धान लिएर केन्द्रमा जाने धानको मापदण्ड अनुसार बेच्ने र कम्पनीबाट आफूले पाउने मूल्यको रकमको चेक बुझेर ल्याउने । यति प्रक्रियालाई व्यवस्थित गरिदिंदा पनि त जनता खुसी हुँदा रहेछन् छ । त्यसैले राज्यका निकायहरुले काम गर्दा सानो प्रक्रियामा सुधार गर्न सके पनि जनता खुसी हुन्छन् भन्ने कुरा अरु निकायहरुले पनि यसबाट सिक्नु पऱ्यो । यहाँ त जुन निकायमा, जुन कार्यालयमा जाँदा नि जनताले सास्तीबाहेक केही नपाए पछि ती जनताले राज्यलाई सहयोग गर्ने भावना कहाँबाट सृजना हुन्छ त । सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यो वर्ष सात लाख ३६ हजार २ सय क्विन्टल धान खरिद गर्ने भएको छ । कम्पनीले धनगढी, महेन्द्रनगर, नेपालगन्ज, तुलसीपुर र राजापुर (बर्दिया) कार्यालयबाट धमाधम धान खरिद गरिरहेको छ ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि  काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# साइबर सुरक्षा चुनौती

ऋषिराम ढकाल


डिजिटल प्रविधि भन्नेबित्तिकै विभिन्न किसिमका सूचना तथा तथ्याङ्कलाई ससानो मात्रामा प्रशोधन गरी आदानप्रदान गर्ने प्रक्रिया भन्ने बुझिन्छ । विभिन्न किसिमका उपकरण जस्तै कम्प्युटर, स्मार्टफोन, विद्युतीय उपकरण र इन्टरनेटको माध्यमबाट सूचना प्रशोधन गर्ने गरिन्छ । यस्ता किसिमका प्रविधिले हाम्रो दैनिक जीवनका क्रियाकलापलाई प्रभावित गर्दै शिक्षा, स्वास्थ्य, औषधी उपचार, कृषि, उद्योग, मनोनरञ्जन प्रणाली तथा सञ्चार क्षेत्रलाई समेत गतिशील बनाएको छ । डिजिटल प्रविधि अहिलेको विश्वमा आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रका लागि अपरिहार्य बनेको छ । खास गरी नेपाल जस्तो विकासोन्मुख देशमा पनि डिजिटल प्रविधिको विकासले समग्र विकासमा उल्लेख्य योगदान पुऱ्याइरहेको हुन्छ । नेपालको हकमा बैङ्किङ क्षेत्रमा यसको प्रयोग बढी भएको पाइन्छ । यसले शिक्षा, स्वास्थ्यदेखि सञ्चारका विभिन्न क्षेत्रमा परिवर्तन ल्याएको छ । डिजिटल प्रविधिको विकासले धेरै ठुला उपलब्धि हासिल गरिए पनि यसको प्रयोग र कार्यान्वयनमा धेरै चुनौती र सीमितता रहेको प्राविधिक तथा विज्ञहरू बताउँछन् । नेपालमा प्रविधि र यसको विकास विगत एक दशकमा उल्लेख्य भएको छ । यस क्षेत्रमा भएका महत्वपूर्ण प्रगतिलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ ।

इन्टरनेट र सञ्चारको व्यापक विस्तार : दुर्गमसम्म इन्टरनेटको पहुँचले नयाँ नयाँ प्रविधि र मोबाइल सेवा पुगेका छन् । विभिन्न किसिमका सेवा सञ्चालनमा रहेका छन् भने नयाँ नयाँ सेवा थप हुँदै छन् । नेपाल टेलिकम र एनसेल जस्ता नेपालका ठुला ठुला सेवा प्रदायकले प्रतिस्पर्धाका आधारमा इन्टरनेट सेवा थप सस्तो र गुणस्तरीय बनाउन पहल गरिरहेका छन् ।

सार्वजनिक सेवा प्रवाहमा प्रविधिको प्रयोग : विभिन्न सरकारी निकायले प्रदान गर्ने सेवा प्रविधियुक्त हुँदै गएका छन् । अत्यावश्यक सरकारी सेवा अनलाइन भइरहेका छन् जसका कारण आमनागरिकको समय तथा पैसा बचत हुन पुगेको छ । नागरिकता, पोसपोर्ट, राजस्व भुक्तानी तथा अन्य सामान्य रकमान्तरसमेत अनलाइनबाटै हुने गरेको छ ।

शैक्षिक क्षेत्रमा प्रविधिको प्रयोग : स्कुल तथा कलेज र विश्वविद्यालयमा ई लर्निङ र अनलाइन कक्षाको माध्यमबाट विश्वका जुनसुकै कुनाबाट पनि शिक्षा प्राप्त गर्न सकिने भएको छ । जसले गर्दा नयाँ नयाँ ज्ञानको आविष्कार र प्रयोग हुँदै जान थालेको छ ।

स्वास्थ्य क्षेत्रमा डिजिटल प्रविधिको विकास : प्रविधिको प्रयोगसँगै टेलिमेडिसिन सेवाको विकास र प्रयोगले दुर्गममा रहेका आमनागरिकले सहज रूपमा उपचार पाएका छन् । डिजिटल डाटा र सर्वरको व्यवस्थापनले बिमा र डाटा व्यवस्थापन सहज भएको छ, जसले गर्दा सहज उपचार सम्भव छ । प्रविधिले नै विभिन्न किसिमका रोगको उपचार समयमै सम्भव भई अकालमा ज्यान जोगाउनुपर्ने अवस्थाको अन्त्य भएको छ ।




बैङ्क तथा वित्तीय क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग : छोटो समयमा प्रविधिको बढीभन्दा बढी प्रयोग र विकास भएको क्षेत्र हो बैङ्किङ । मोबाइल बैङ्किङ, ई बैङ्किङ, ई पेमेन्ट प्रणालीको विकाससँगै अनलाइन बैङ्किङको प्रयोग तीव्र गतिमा भइरहेको छ । अनलाइन भुक्तानी र कारोबारले पारदर्शितासमेत देखाएको छ । आमनागरिकको श्रम र समय तथा खर्चमा कटौती भएको छ ।

अन्य व्यापार तथा सेवा प्रवाहका क्षेत्र : अनलाइन व्यापार तथा सेवामा उल्लेख्य वृद्धि भएको छ । थप अन्य क्षेत्र । डिजिटल प्रविधिको क्षेत्रमा नेपालले सामना गरिरहेका चुनौती कोरोनाकालपछि नेपालमा प्रविधिको विकासक्रम उल्लेख्य बढिरहेको छ । प्रविधि यस्तो विषय हो, जसमा विभिन्न किसिमका चुनौती सधैँ रहिरहेका हुन्छन् । विभिन्न किसिमका प्राविधिक, आर्थिक, सामाजिक र कानुनी क्षेत्रमा भएका मुख्य मुख्य सीमिततालाई यहाँ उल्लेख गरिएको छ ।

### प्राविधिक चुनौती

साइबर सुरक्षा : खास गरी नेपालमा मात्र होइन साइबर सुरक्षाको चुनौती विश्वभर छ, यद्यपि नेपालमा यसका चुनौती अलि बढी नै देखिन्छ । किनकि बेला बेलामा सरकारी तथा गैरसरकारी सङ्घ संस्थामा साइबर आक्रमण भएका घटना हाम्रासामु छन् त्यसले गर्दा व्यक्तिगत सूचनाको सुरक्षा गर्न चुनौती छ ।

गुणस्तरीय इन्टरनेट सेवा : विभिन्न देशका विभिन्न कम्पनीबाट उपलब्ध हुने इन्टरनेट सेवा गुणस्तर नहुने तथा कम स्पिडको हुनुका साथै महँगोसमेत छ । यही सेवा पनि ग्रामीण क्षेत्रमा पुर्याउन थप चुनौती छ ।

गुणस्तरीय डिजिटल उपकरण अभाव : नेपालमा प्राप्त हुने डिजिटल उपकरण मूल्यको हिसाबले सस्तोदेखि महँगोसम्मका भएकाले सबैको पहुँचमा छैनन् । खास गरी गुणस्तर र बजेटको हिसाबले न्यून आय भएका क्षेत्रको यसको प्रयोग चुनौतीपूर्ण छ भने सरकारी क्षेत्रमा खरिद प्रक्रिया र यसको उपलब्धता चुनौतीपूर्ण छ ।

विद्युत् आपूर्ति : डिजिटल उपकरणको नियमित सञ्चालनका लागि आवश्यक पर्ने विद्युत्को निरन्तर उपलब्धता नै आमनेपालीका लागि चुनौती छ । धेरै जसो क्षेत्रमा विद्युत् निर्माण र आपूर्ति भए पनि ग्रामीण क्षेत्रमा अझै पनि यसको आपूर्ति सहज हुन सकेको छैन, जसका कारण चाहेर पनि यसको प्रयोग वा निरन्तरता दिन कठिन छ ।

जटिल खरिद प्रक्रिया : खास गरी सरकारी क्षेत्रमा यस्ता उपकरण खरिद प्रक्रियामा सधैँ विवाद हुने गर्छ । अधिक मूल्यमा कम गुणस्तरका सामान खरिद गर्ने र अख्तियारको छानबिनका कारण खरिद गर्न डराउने वा त्यसबाट टाढा रहनुले पनि समयमै आवश्यक उपकरण प्राप्त गर्न नसक्नु ।

### कानुनी चुनौती

उपयुक्त कानुन र सोको कार्यान्वयनमा अभाव : खास गरी प्रविधिको क्षेत्रमा विकास भएको धेरै नभएकाले उपयुक्त किसिमको डिजिटल प्रविधिसँग सम्बद्ध कानुनको अभाव छ । साइबर अपराध र डिजिटल ठगीका घटना दिनानुदिन बढ्दै जानु र त्यसको रोकथाम गर्न कठिन हुनुले पनि यसको चुनौती थपिँदै गएको छ ।

नीति कार्यान्वयन पक्ष फितलो : जति पनि प्रविधिसँग सम्बन्धित नीति नियम छन्, तिनीहरूको कार्यान्वयन पक्ष पनि फितलो छ । कडाइका साथ लागु गर्ने हो भने केही हदसम्म यस्ता साइबर अपराध तथा बैङ्किङमा हुने ठगी कमी हुँदै जाने छ ।

### आर्थिक चुनौती

खर्चले धान्न नसक्ने महँगा प्रविधि र उपकरण : नेपालले झेल्नु परेको समस्या भनेको डिजिटल प्रविधिसँग सम्बन्धित उपकरण खरिद गर्न बजेट अभाव र खरिद भए पनि गुणस्तरहीन हुने सम्भावना छ ।

महँगो सेवा शुल्क : खास गरी प्रविधि महँगो भएपछि केही सेवा शुल्क लिनु पऱ्यो, त्यो लिँदा सम्पूर्ण क्षेत्र प्रभावित हुँदो रहेछ । अहिले पनि नेपालमा प्रति कारोबार शुल्क महँगो नै छ ।

प्रविधिको विकासका लागि लगानी : नेपालमा सोचे जस्तो प्रविधिको विकास गर्न लगानी अपरिहार्य छ । सरकारले यथेष्ट मात्रामा लगानी गर्न नसक्दा यो क्षेत्र पछाडि परेको होकी भन्ने भान पनि हुन्छ । यसका लागि उपयुक्त नीति बनाएर वैदेशिक लगानी भित्र्याउन अति आवश्यक छ ।

### सामाजिक चुनौती

आमनागरिकमा डिजिटल साक्षरताको अभाव : खास गरी दुर्गम पिछडिएका क्षेत्र र सहरकै कतिपय क्षेत्रमा पनि आममानिसमा डिजिटल उपकरण र यसको उचित प्रयोगबारे प्रयाप्त मात्रामा आवश्यक जानकारी छैन । नेपालमा प्रविधिको विकास अपेक्षित छ तर सबैले प्रयोग र विश्वास नगरिदिँदा अपेक्षाकृत रूपमा विकास हुन सकेन ।

लैङ्गिक असमानता : खास गरी प्राविधिक पढाइ पनि महिलाले कम पढ्ने हुँदा त्यहाँदेखि नै यसको असमानता सुरु हुन्छ । पुरुषको तुलनामा महिलाले प्रविधि र मोबाइलको प्रयोग कम गर्छन् । यसलाई समान रूपमा लैजान पनि चुनौती छ ।

भाषासम्बन्धी समस्या : नेपालमा अधिकांश प्रविधिसँग जोडिएका विषय अङ्ग्रेजीमा हुनाले तिनीहरूको प्रयोग पनि आमसाधारण नागरिकमा कम हुन गएको छ ।

### नेपालमा डिजिटल प्रविधि विकास र विस्तारका केही उपाय

अहिले भइरहेको डिजिटल प्रविधिको विकासलाई अझ प्रभावकारी र सशक्त रूपमा अगाडि बढाउन तल उल्लेख गरिएका क्षेत्रमा जोड दिन सकिए प्रविधिको विकास द्रुत गतिमा अगाडि बढ्न सक्ने छ । गुणस्तरीय डिजिटल प्रविधि र कम लागतको उपकरण उपलब्ध गराउने सुनिश्चितता । सस्तो रूपमा प्रवाह हुने गुणस्तरीय इन्टरनेट सेवा । ग्रामीण क्षेत्रमा डिजिटल पूर्वाधारको विकास । पूर्ण रूपमा सरकारी सेवामा प्रविधिको प्रयोग गराउनु । शिक्षा तथा स्वास्थ्यमा डिजिटल प्रविधिको प्रयोगलाई बढावा दिनु । साइबर सुरक्षामा विशेष जोड दिने । आमनागरिकमा डिजिटल प्रविधिको प्रयोगबारे बहस चलाउने, क्यासलेस कारोबारका लागि पहल गर्ने । डिजिटल साक्षरतालाई महत्वपूर्ण पाटोको रूपमा हेर्ने । नेपालमा प्रविधिको विकास गर्न ज्ञान सिप र क्षमताले भरिपूर्ण नयाँ पुस्तालाई उनीहरूको ज्ञान र क्षमता प्रयोग गर्न प्रोत्साहित गर्दै नयाँ प्रविधिको विकासमा योगदान दिन प्रेरित गर्ने ।

### साइबर सुरक्षाका चुनौती

हाम्रो देश नेपाल सानो मुलुक हो यहाँ प्रयोग हुने अधिकांश प्रविधि विदेशी नै छन् । तिनीहरूको उपलब्धता र प्रयोग नै गाह्रो छ । प्रयोग भइसकेपछि पनि त्यसको मर्मत सम्भारमा नै ठुलो धनराशि खर्च हुने गर्छ । यसै सन्दर्भमा नेपालमा प्राविधिक सुरक्षासम्बन्धी विषय दिन प्रतिदिन नै महत्वपूर्ण बन्दै गइरहेको छ । विश्वमा डिजिटल युगको प्रवेशसँगै विभिन्न किसिमका प्राविधिक समस्याका साथै साइबर सुरक्षा र फ्रड कारोबार पनि चिन्ताको विषय बन्दै गइरहेको छ ।

फ्रड कारोबार : कमजोर डिजिटल साक्षरताका कारण विभिन्न व्यक्तिलाई विभिन्न किसिमका प्रलोभन देखाएर सामाजिक सञ्जालमार्फत ठगीका घटना बढिरहेका छन् । यस्ता घटना बढ्न नदिन स्वयम् व्यक्ति नै चनाखो हुनु पर्छ तर नेपालको सन्दर्भमा यसो हुन कठिन देखिन्छ ।

साइबर आक्रमण : खास गरी नेपालमा सरकारी क्षेत्र र बैङ्किङ क्षेत्रमा यस्ता घटना घटेको सुनिने गर्छ ह्याकिङ, फिसिङ मालवेयर आक्रमणका घटनाले सेवा नै प्रभावित हुने गरेका छन् । प्राविधिक सुरक्षा कम हुने सङ्घ संस्था यसको निशानामा परेको देखिन्छ ।

कानुनी उपचारको अभाव : यसका कारण कतिपय साइबर अपराध र प्राविधिक सुरक्षाका विषय चुनौतीपूर्ण बन्दै गएका छन् तसर्थ आवश्यकता अनुसारको कानुनी उपचार र त्यसको रोकथामका लागि आवश्यक पहलकदमी जरुरी छ ।

डिजिटल पूर्वाधारको अभाव : नेपालमा सबै क्षेत्रमा डिजिटल पूर्वाधार र डाटा व्यवस्थापन पक्षमा कमजोरी देखिन्छ । क्लाउडको जमानामा नेपालमा सोसम्बन्धी नीति नै बनेको छैन । स्टोरेजको अभावमा डाटा सुरक्षासमेत चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

डाटा ब्याकप र त्यसको सुरक्षा : नेपालमा क्लाउडको नीतिगत समस्याले गर्दा डाटा ब्याकप र डाटा सुरक्षाका चुनौती थप हुँदै गएका छन् । यसले सरकारी डाटा तथा व्यक्तिगत विवरण र आर्थिक नोक्सानीमा असर पुऱ्याउन सक्ने देखिएको छ ।

*–गोरखापत्र*

# थारु कला र संस्कृति संरक्षण गर्न सङ्ग्रहालय निर्माण हुने

नमस्ते समचारदाता
बाँके, मंसिर/२२



थारु समुदायको बाहुल्यता रहेको बाँकेको बैजनाथ गाउँपालिकामा थारु सङ्ग्रहालय निर्माण गरिने भएको छ । गाउँपालिकामा बसोबास गर्ने थारुहरूको परम्परागत कला संस्कृति र परम्पराको संरक्षण संवर्द्धन गर्ने उद्देश्यका साथ थारु सङ्ग्रहालय निर्माण गरिने गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका उपाध्यक्ष निर्मला रोकायले दिनु भएको जानकारीअनुसार बैजनाथ गाउँपालिकामा थारु समुदायको बाहुल्यता रहेको र सो पालिकामा आफ्नो कला र संस्कृतिको जगेर्नाका लागि बरघरहरु सङ्गठित समेत भएकाले उहाँहरूको माग बमोजिम थारु सङ्ग्रहालय निर्माण गर्ने निर्णय गरिएको हो । पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङका थारु समुदायलाई लक्षित गरेर सङ्ग्रहालय निर्माण गरिने उपाध्यक्ष रोकायले बताउनुभयो । यसअघि गाउँपालिकाले थारु समुदायको बरघर प्रणाली संरक्षण, प्रवर्धन र विकास गर्न विधेयक नै तयार पारेर कार्यान्वयनमा ल्याएको छ । सोही विधेयकमा पनि थारु सङ्ग्रहालय निर्माण गर्ने विषय उल्लेख भएको छ । बरघर प्रणाली संरक्षण, प्रवर्धन र विकास गर्न गाउँपालिकाले बनाएको विधेयक २०८१ को पूर्ण रूपमा कार्यान्वयन गराउन पालिकाभित्रका ३६ बरघरहरु सङ्गठित भएपछि उपाध्यक्ष रोकायले बरघरहरुसंग सो बारेमा विस्तृत छलफल र सुझाव सङ्कलन गर्नु भएको थियो । सो क्रममा बरघरहरुले थारुहरूको पहिचान हुनेगरी विभिन्न कार्यहरू गर्नुपर्ने माग गर्नुभएको थियो । सो अवसरमा उपाध्यक्ष रोकायले कला, सांस्कृतिक, रीतिरिवाज, चालचलन, भेषभूषालाई संरक्षण गर्न पालिकाले आर्थिक सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको बैजनाथ गाउँपालिका बरघर समितिका अध्यक्ष चन्द्र बहादुर चौधरीले बताउनुभयो । उहाँले गाउँपालिकामा थारु सङ्ग्रहालय निर्माण गर्ने निर्णय सकारात्मक र राम्रो भएको जनाउँदै यसबाट थारुहरूको पहिचान सधैँ कायम राख्न सहयोग गर्ने बताउनुभयो । बैजनाथ गाउँपालिकाका सबै वडामा बरघर समिति गठन भइसकेको जनाउँदै बरघर समितिका अध्यक्ष चौधरीले बरघर ऐन, नियम कानुन पालिकाले राजपत्रमा समेत प्रकाशन गरिसकेकाले कार्यान्वयनमा ल्याउन लागिएको बताउनुभयो ।

# हिल्सामा अवैध मदिरा नष्ट

नमस्ते समचारदाता
हुम्ला, मंसिर/२२

चीनको ताक्लाकोटबाट नेपालतर्फ ल्याउने क्रममा प्रहरीले बरामद गरेको अवैध चिनियाँ मदिरा नष्ट गरिएको छ । एक वर्षयता विभिन्न मितिमा बेवारिसे रुपमा प्रहरीले बरामद गरेको अवैध मदिरा हिल्सामा नष्ट गरिएको यारी नाका भन्सार कार्यालयका प्रमुख रामराज जैसीले बताएका छन् । प्रहरीले गस्तीका क्रममा जिल्लामा भित्र्याउनका लागि केही समय लुकाएर राखिएको र हालै खच्चडमा ढुवानी गरिरहेको अवस्थामा फेला पारे पछि ती मदिराहरु संकलन गरी स्थानीय प्रशासनको सहमतिमा हिल्सामै खाल्डो खनेर नष्ट गरेको जानकारी गराएको हो । प्रहरीका अनुसार नष्ट गरिएको मदिराको बजार मूल्य करिब ३० लाखभन्दा बढी रहेको बताइएको छ ।

## निर्माण...

नेपाल मेगा सिस्ने जेभीले नै २०७८ साउन २९ गते पुल निर्माणको ठेक्का लिएको थियो । हालसम्म उक्त पुलको भौतिक प्रगति शुन्य अवस्थामा रहेको छ । निर्माण व्यवसायीले काम गर्नका लागि अहिलेसम्म फिल्डमै नपुगेको भनी पूर्वाधार विकास कार्यालय, जाजरकोटले मन्त्रालयमा पत्राचार गरेको छ । यसको म्याद थपसहित २०८२ असार २० गतेसम्म म्याद थप गरिएको छ । नेपालगञ्ज-१८ बाँकेको नारायनम निर्माण सेवा बारेकोट गाउँपालिकाको भैसेडीमा पक्की पुल निर्माणका लागि २०७९ जेठ २३ गते लिएको ठेक्काको भौतिक प्रगति ५० प्रतिशत रहेको छ । विसं २०८१ जेठ २९ गतेसम्म म्याद सकिएको छ । कल्यानमा पक्की पुल निर्माण गर्ने भन्दै पिएस निर्माण सेवा नौवास्था-८ बाँकेले २०७९ जेठ ३० गते लिएको पुलको ठेक्का हालसम्म निर्माण हुन सकेको छैन । उक्त ठेक्काको म्याद थपसहितको मिति २०८१ जेठ २९ गते समाप्त भइसकेको छ । यसको भौतिक प्रगति ४५ प्रतिशतमात्र रहेको छ । कालीकोटको सेरी पान्तडी पद्मघाट जुम्ला सडक (बहुवर्षीय योजनासमेत) निर्माणको ठेक्का खड्काकृष्ण सुपरस्टार जेभीले २०७७ जेठ २ गते लिएको थियो । उक्त ठेक्काको काम हालसम्म ४० प्रतिशतमात्र भएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ । विसं २०८० जेठ ३० गते यस ठेक्काको म्याद सकिएको थियो । वारातु सियाला रेगिंल रोड निर्माण गर्नका लागि पूर्वाधार विकास कार्यालय कालीकोटले निकालेको ठेक्कामा मार्गादेवी निर्माण सेवाले २०७८ वैशाख २६ गते सम्झौता गरेर हालसम्म २८ प्रतिशतमात्र काम गरेर बीचमै छोडेको पाइएको छ । कडा चट्टान लागेको भन्दै उक्त काम बीचमै छाडिएको मन्त्रालयमा परिपत्र गरिएको छ । यसको म्याद थपसहितको अन्तिम मिति २०८२ वैशाख ३० गते रहेको छ । कालीकोटको पताला -९ को दाम्रीगाड पक्की पुल निर्माण गर्नका लागि गलवा / जगदम्बा/सुपरस्टार जेभीले २०७७ असार ३० गते सम्झौता भएको थियो । सम्झौताको मिति सकिएर म्याद थप गरेर २०८१ साल असार २० गते म्याद सकिएपनि उक्त पुलको भौतिक प्रगति हालसम्म ३५ प्रतिशतमात्र रहेको मन्त्रालयका सूचना अधिकारी प्रवीण कार्कीले जानकारी दिएका छन् । जारकोटमा पक्की पुल निर्माण गर्ने भनी २०७७ असोज १३ गते हिराचन/कारभान/सुपर स्टार जेभीले ठेक्का लिएकामा हालसम्म उक्त ठेक्काको २५ प्रतिशतमात्र रहेको छ । म्याद थपसहितको अन्तिम मिति २०८१ जेठ ३० गते समाप्त भएको थियो । त्यस्तै दैलेखमा समेत हालत उही रहेको छ । दैलेख सदरमुकामदेखि नौमुले गाउँपालिका-१ देखि ४ हुँदै जुनी जाजरकोट जिल्ला जोड्ने सडकसमेत अलपत्र पर्दै आएको छ । यसको ठेक्का बिरूवा सिद्धान्त श्रृङ्गेश्वर जेवीले लिएको थियो । यसको पनि भौतिक प्रगति निरासाजनक रहेको छ । यो सडक पटकपटक निर्माण गर्दा पनि निर्माण व्यवसायीले काम अगाडि बढाउन नचाहेको मन्त्रालयमा प्रतिवेदनमा उल्लेख गरिएको छ । साङ्गेतडा-ब्रिन्दासैनी-चामुण्डा बाटो निर्माण गर्ने भनी मोतिदान-लाल सुभ-मेन्द्रो जेभीले काम अलपत्र पार्दै आएको छ । कोप्ची कट्टी बेस्तडा रूम चौराठा देउली दैलेख सडकको काम वाइबा र लामा/लोपूर्ण जेभीले अलपत्र पार्दै आएको पाइएको छ । सान्ताडा मेहलतोली पातिहाल्ना जाजरकोट सडकको समेत अवस्थामा खराब छ । यसको प्रगति पनि निरासाजनक नै रहेको छ । यसको ठेक्का नाना निर्माणले लिएको छ । रबट छामघाट खोला पक्की पुल निर्माणको काम जलजला जय मा स्वर्गद्वारी जेभीले लिएर अलपत्र पारेको छ । पटकपटक म्याद थप गर्दा पनि १० जिल्लामा निम्न आयोजना निर्माण हुन नसकेर थन्किएका छन् । निर्माण व्यवसायीलाई पटकपटक ताकेता गर्दा पनि निर्माण व्यवसायीले फोन अफ गरेर बसिरहेको पाइएको छ । सुर्खेतमा बयीचौर बिम्रेनी बाबियाचौर विद्यापुर सडक अनक/जयदेवी जेभीले अलपत्र परेको छ । रानीघाट तेलपानी भुरीगाउँ सडक थोदुङ्ग/जागृती जेभीले निर्माणमा समस्या बनाउँदै आएको मन्त्रालयले बताएको छ । मङ्गलगढी काँक्रेविहार सडक योजना अमर/सिस्ने/मेघा जेभीले बीचमै अलपत्र पारेको छ । कुइने जामु बाबियाचौर भक्तरी जगलघाट सडक अनक/जयदेवी/सनलाइट जेभीले, प्रदेश राजधानी वीरेन्द्रनगर प्लानिङ क्षेत्र सहरी सडक कान्छाराम कन्स्ट्रक्सन, तल्लो करेली पक्की पुल निर्माण भेरीगंगा-१३ को पुलगाल्वा निर्माण सेवा काठमाडौँले, घाटगाउँ गटु सालम कोरालाबास कुल्लीमोर सडक श्रेष्ठ कन्स्ट्रक्सन कम्पनी काठमाडौँले ठेक्का लिएर बीचमै छाडेको अवस्थामा रहेको मन्त्रालयका सूचना अधिकारी कार्कीले जानकारी दिए । हुम्लाको लालीबगर औलाथली मोटरेबल पुल सूर्य-एचएम-श्रेया जेभीले लिएर अलपत्र पारेको छ । याँचु बजार (पालिका केन्द्र) देखि तुमलिक मोटरेबल पुल, खार्पुनाथ गाउँपालिका हुम्ला सडक पुल पुनः सूय-एचएम-श्रेया जेभीले नै लिएर अलपत्र परेको छ । जुम्लाको झारज्युला निधार पक्की पुल गल्वा अमित जेभीले लिएर बीचमै छाडेको पूर्वाधार विकास कार्यालय जुम्लाले मन्त्रालयमा पत्र पठाएर जानकारी दिएको छ । मुगुको दोमुख तारापानी गमगढी नाक्चे लाग्ने सडक निर्माणको जिम्मेवारी लिएको खानी जगदम्बा मिसन जेभी, झुगला बेलिब्रिज वा मोटरेबल पुलको काम कन्काई-कुशेश्वर निसान जेभी, दोमुख पक्की पुलको काम मृत सञ्जीवनी निर्माण सेवाले हुम्ला कर्णाली र मुगु कर्णाली नदी दोमुखबाट गमगढी नाक्चेलाग्न सडक अदालतमा मुद्दा परेका कारण ढिला भइरहेको छ । रूकुम पश्चिममा चिसापानी-राडी-नदुवा-मुसीकोट सडक (बहुवर्षीय)को काम पिएस जिएसएचसीले, छेरावगर पक्की पुलको काम सपना सिस्ने खड्का जेभीले लिएको छ । सबै काम सन्तोषजनक नभएको पाइएको छ । पूर्वाधार विकास कार्यालय सल्यानका अनुसार बालुवा सङ्ही कुपिण्डे खलङ्गा सडकको काम गलवा-धुलिखेल जेभीले र बागचौर-पातीहाल्न बगरखोला पुलको ठेक्का प्राकृतिक निशानभूमि जेभीले लिएर अलपत्र पारेको छ । यी सबै ठेक्काका काम ३० देखि ५० प्रतिशत भइ बीचमै अलपत्र पारिएको छ ।

# 'योजनाको रकम बाँडिखाने दिन गए'

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/२२




कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले झ्यालबाट योजना निर्माण गरेर बजेट बाँडिखाने प्रवृत्ति अब नदेखिने बताउनुभएको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले बिहीबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरेको सार्वजनिक सेवा प्रवाह एवं विविध विषयमा छलफल तथा अन्तक्रिया कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो । उहाँले नीति तथा कार्यक्रम बनिसकेकाले अनुदान शीर्षकमा रहेका बजेट वितरण प्रक्रियामाथि अहिलेदेखि नै पुनर्विचार गर्न कर्मचारीलाई निर्देशन दिनुभयो । मुख्यमन्त्री कँडेलले यसभन्दा अघिको समयमा कसले, कसरी विकासका योजना वितरण गरे भन्नुभन्दा पनि अब कर्णाली सरकारमा जोसुकै व्यक्तिको नेतृत्व भए पनि विकासे योजना हचुवाका भरमा निर्धारण नहुने कुरामा विश्वस्त रहन आग्रहसमेत गर्नुभयो । सुर्खेतका नौ वटै पालिकाका प्रमुख तथा उपप्रमुखसहित जिल्लास्थित स्थानीय, प्रदेश तथा सङ्घीय कार्यालयका प्रमुखको सहभागिता रहेको सो अन्तक्रिया कार्यक्रममा मुख्यमन्त्री कँडेलले प्रदेशबाट पालिकामा जाने कार्यक्रम तथा योजना पालिकालाई पूर्वजानकारी दिएर मात्र लैजानसमेत आग्रह गर्नुभयो । उहाँले परिणाम निस्किने गरी अहिलेदेखि नै पुँजीगत खर्च बढाउने गरी कार्यसम्पादन गर्न कर्मचारीलाई निर्देशन दिनुभयो ।

## नेपालगन्ज...

पण्डीतले भने अहिलेको समयमा मानिसको यात्रा बाहिरी दुनियाँमा नभै आन्तरिक संसारमा हुनुपर्ने बताए । केसीले मानिसको जीवनको दौड र खेलको दौडको सम्बन्ध हुने बताइन् । प्राध्यापक केशव सिग्देलले मानिसमा आशा बाँकी रहीराख्नका लागि दौडमा सामेल भइरहनु जरुरी रहेको बताए । कन्ल्केभको अर्को शत्र 'शिक्षामा सरकारै सरकारका खाडल : प्रणाली सुन्ने कहिले ?' भन्ने शिर्षकमा थियो । उक्त शत्रमा बोल्दै शिक्षाविद विद्यानाथ कोइरालाले नेपालको शिक्षा प्रणाली बदल्न नसकिने बताए । तर, यसको सुधारका लागि शिक्षकको पढाउने शैली र चिन्तनको विकास गराउनुपर्ने बताए । उनले भने, 'शिक्षाले बेरोजगार बनाया भन्दा कसरी रोजगारमा जोड्ने भन्ने चिन्तन हुनुपर्छ । हामी बहुलता भएको देशमा छौँ । यसलाई सिंगार्नुपर्छ । त्यो सिकाउनुपर्छ । अहिलेको शिक्षाले त्यो सिकाउन नसकेको हो ।' कार्यक्रममा बोल्दै कोहलपुर नगरपालिकाकी उममेयर संगीता सुवेदी र लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सेनाले शिक्षाका नीतिमा एकरुपता हुनुपर्ने र सामुदायिक विद्यालयको भौतिकदेखि शैक्षिक जनशक्ति सुधार गर्नुपर्ने बताए । कन्क्लेभको अन्तिम शत्रमा 'साहित्य र समाजको ऐनामा समाज परिवर्तनको चित्र' विषयक छलफल भयो । उक्त शत्रमा साहित्यकारहरु नयनराज पाण्डे, रमेश क्षितिज र रेशम विरही तथा चलचित्र अभिनेत्री केकी अधिकारीले बहस गरे । उनीहरुले साहित्यले समाजमा तुरुन्तका तुरुन्तै परिवर्तन ल्याउने नभै यसले समाजको मनोविज्ञान र चेतनामा प्रभाव पार्ने बताए । यसले पार्ने सोही प्रभावले समाजमा परिवर्तन ल्याउन भूमिका खेल्ने उनीहरुको मत थियो । नेपालगन्ज म्याराथनको पूर्वसन्ध्यामा आयोजक क्रियटिभ ह्याड्सले समाजका विभिन्न मुद्धाहरुमा बहस गराउँदै आएको छ । गतवर्ष एकदिन भएको नेपालगन्ज कन्क्लेभ यसवर्ष दुई दिनसम्म चलेको हो । कन्क्लेभको पहिलो दिन विहीबार वरिष्ठ कलाकार मदन कृष्ण श्रेष्ठसँग संवाद, देशले गर्छ विद्यसत निर्यातः नेपालगन्जले भोग्छ उर्जा संकट, व्यापार घाटाको दीगो व्यवस्थापन : निर्यात वस्तुमा वृद्धि, पर्यटनको नक्सामा पश्चिम नेपालको नयाँ सर्किट, नेतृत्वको खडेरी दलमा, देशमा शिर्षकमा बहस गरिएको थियो ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# दशौं नेपालगन्ज म्याराथनको उपाधी खडक र सन्तोषीलाई


नमस्ते समचारदाता

नेपालगन्ज, मंसिर/२२




नेपालगन्ज म्याराथनको दशौं संस्करणमा नेपाली सेनाका खडकबहादुर खड्काले उपाधी हात पारेका छन् । खड्काले ४२ दशमलव १९५ किलोमिटरको दौड दुई घण्टा १७ मिनेट ४८ सेकेण्डमा पूरा गर्दै उपाधी हात पारेका हुन् । म्याराथनमा नेपाली सेनाकै राजन रोकाया र सुशील कुमार क्रमशः दोस्रो र तेस्रो भए । उपाधी जितेका खड्का गत संस्करणका उपविजेता र त्यसभन्दा अघिल्लो संस्करणका विजेता हुन् । रोकायाले दुई घण्टा १७ मिनेट ५३ सेकेण्डमा निर्धारित दूरी पार गरे भने शाहीले दुई घण्टा २१ मिनेट ४५ सेकेण्डमा पूरा गरे । विजेताले क्रमशः दुई लाख, एक लाख र पचास हजार नगद पुरस्कार पनि प्राप्त गरेका छन् । खड्का र रोकायाले नेपालगन्ज म्याराथनको कोर्सको किर्तिमानी पनि तोडेका छन् । विजेता खड्काले आफूले पहिलोपटक आठौं स्थान प्राप्त गरेकोमा दुईपटक च्याम्पियन हुन पाएकोमा खुसी लागेको बताए । यसैगरी नेपालगन्ज महिला हाफ म्याराथनको उपाधी लगातार चौथोपटक सन्तोषी श्रेष्ठले जितेकी छन् भने पुष्पा भण्डारी दोस्रो र विमला कार्की तेस्रो भएका छन् । उनीहरुले क्रमशः नगद ७५ हजार, ५० हजार र २५ हजार पुरस्कार प्राप्त गरेका छन् । सन्तोषीले एक घण्टा १७ मिनेट ३० सेकेण्डमा कोर्स पूरा गरिन् । दोस्रो भएकी भण्डारीले निर्धारित दूरी एक घण्टा १९ मिनेट १२ सेकेन्डमा पूरा गरिन् । तेस्रो भएकी विमला कार्कीले एक घण्टा ४९ मिनेट १५ सेकेन्ड र चौथो भएकी स्वस्तिका शाहीले निर्धारित दूरी एक घण्टा ५२ मिनेट ३४ सेकेन्डमा पूरा गरेकी थिइन् । पुरुषतर्फ म्याराथन र महिलातर्फ हाफ म्याराथनसहित पाँच किमी स्कुलस्तरीय छात्र एवं छात्रा, किड्स रन, पाँच किमि कर्पोरेट रन, पाँच किमि ट्राइसाइकल र पाँच किमि वाकाथन लगायतका विधाहरु समावेश गरिएको उनले जानकारी दिए । नेपालगन्ज उपमहानगरपालिकाको गेटबाट सुरु भई कोहलपुर नगर पालिकादेखि चार किलोमिटर उत्तर बानियाभार पुगेर सोही रुट भई सुरुवाती बिन्दुमा पुगेर समापन हुने म्याराथन कोर्स निर्धारित गरिएको छ । सरकार र तत्कालीन विद्रोही माओवादीबीच ५ मंसिर २०६३ मा भएको विस्तृत शान्ति सम्झौताको स्मरण गर्दै हरेक वर्ष मंसिरको पहिलो शनिबार हुँदै आएको नेपालगन्ज म्याराथन यस बर्ष मंसिर २२ गते आयोजना गरिएको म्याराथनका संस्थापक अध्यक्ष टिएस ठकुरीले जानकारी दिए ।

# जुम्लामा टेलिकमको फाइबर इन्टरनेट विस्तार



नमस्ते समचारदाता

जुम्ला, मंसिर/२२

जिल्लामा एक हजार ग्राहकले नेपाल टेलिकमको तीव्र गतिको फाइबर इन्टरनेट सेवा जडान गरेका छन् । अहिले जिल्ला सदरमुकाम खलङ्गा बजारमा मात्र फाइबर इनटरनेट सेवा दिएको छ । यहाँका आठ स्थानीय तहमा टेलिकमको फाइबर इन्टरनेट सेवा विस्तारका लागि काम भइरहेको छ । जिल्लाका धेरै जसो सरकारी कार्यालय र व्यक्तिगत पुरानो टेलिफोनको प्रविधिलाई फाइबर इन्टरनेटमा परिणत गरिएको नेपाल टेलिकम शाखा कार्यालय जुम्लाका प्रमुख सुवास शाहले जानकारी दिनुभयो । चन्दननाथ नगरपालिका भित्र मात्रै एक हजार ग्राहकले फाइबर इन्टरनेट जडान गरेका छन् । कार्यालय प्रमुख शाहले भन्नुभयो, "जिल्लामा फाइबर इन्टरनेटको माग बढेको छ । निजी कम्पनीको भन्दा सस्तो र राम्रो छ । यस कारण ग्राहक आकर्षित छन् ।" इन्टरनेटसँगै टेलिफोन र टेलिभिजनको सुविधा पनि प्रदान गरेको कार्यालय प्रमुख शाहको भनाइ छ । इन्टरनेटको स्पिडअनुसारको शुल्क फरक-फरक निर्धारण गरिएको टेलिकमले जनाएको छ । यहाँका आठवटै स्थानीय तहका २० स्थानबाट फोरजी सेवा र सातवटा ठाउँमा टुजी सेवा सहितका टावरबाट सञ्चार सेवा प्रवाह भएको टेलिकमले जनाएको छ । टेलिकमको एनटी फाइबर गत वर्षको जेठ १० गते कालिकोट र जेठ ११ गते जुम्लामा सो सेवाको शुभारम्भ भएको थियो । एनटी फाइबरमार्फत अत्याधुनिक प्रविधिको प्रयोग गरी अब त्यस क्षेत्रका सेवाग्राहीले एउटै तारबाट एचडी गुणस्तरको आवाजसहितको टेलिफोन, तीव्र गतिको इन्टरनेट र टेलिभिजन सेवा पनि प्रयोग गर्न सक्ने टेलिकमले जनाएको छ ।

# कालीकोटका अग्निपीडित परिवारलाई न्यानो कपडा सहयोग

नमस्ते समचारदाता

कालीकोट, मंसिर/२२



कालीकोट जिल्लाको तिलागुफा नगरपालिका-६ जुबिथामा भएको आगलागी पीडितलाई सहयोग गरिएको छ । गत असोज ३० गते एक घरबाट सुरु भएको आगोले तीन घर जलेर नष्ट हुँदा २६ घर परिवार विस्थापित भएका थिए । आगलागी पीडित परिवारलाई सेभ दे चिल्ड्रेन र भिडिसेफ नेपाल कालीकोटले सहयात्रा तेस्रो परियोजनाको आर्थिक सहयोगमा पीडित परिवारलाई चिसोबाट बच्नका लागि ब्लाङ्केट, डस्ना, बेडसिट, खाद्यान्न लगायतका सामान सहयोग गरेको छ । भिडिसेफ नेपाल कालीकोटका अध्यक्ष कल्पना रावल बोगटीले अग्निपीडित परिवारलाई करिब ४ लाख बराबरको खाद्यान्न तथा चिसोबाट बचाउन ब्लाङ्केट, डस्ना लगायतका सामग्री सहयोग गरिएको बताए । आगलागीबाट तीन घर पूरै जलेका छन् । तीन घर जल्दा २६ घर परिवार विस्थापित भएको प्रहरीले जनाएको छ । तिलागुफा नगरपालिकाका उपप्रमुख महेन्द्रबहादुर शाहीले अग्निपीडित परिवारलाई खाद्य तथा गैरखाद्य सामग्री वितरण गरेकोमा खुसी लागेको बताए । उनले पीडितलाई खान र ओढ्ने ओछ्याउनेको समस्या भइरहेका बेला आवश्यक सामग्रीसहित सहयोग गरेकोमा भिडिसेफ नेपाल कालीकोटलाई धन्यवाद दिए । तिलागुफा ६ का अग्निपीडित पम्फा शाहीले आफ्नो चार जनाको परिवार दुःखमा भएका बेला सहयोग लिएर आउने भिडिसेफ नेपाल कालीकोट लाई धन्यवाद दिए । उनले भने, 'आगोले पुरै घर जलेर नष्ट भयो, खान बस्नका लागि बिचल्ली भयौं, घर पनि छैन । यो चिसो मौसममा त झनै दुःख भइरहेको छ, अहिले छिमेकीको घरमा बसिरहेका छौं । आफैंले अहिले घर बनाउन सक्ने अवस्था पनि छैन । अब कसैले सानो टिनको छाप्रो बनाइदिए हुने थियो ।' यसैगरी, अर्का ७७ वर्षका अग्निपीडित खड्कबहादुर शाहीले २६ घर परिवारलाई आगलागीले बिचल्ली बनाएको बताए । उनका अनुसार आगलागीबाट नष्ट भएका तीन घरमा २६ परिवारका एक सय ५० जना सदस्य आश्रित थिए । अहिले सबैको बास त्रिपालमुनि भएको छ ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके